आज मिति २०७९ साल जेठ १३ गतेका दिन नरहरिनाथ गाउँपालिकाका अध्यक्ष श्री नगेन्द्र बहादुर विष्टज्यू को अध्यक्षता तथा देहायका कार्यपालिका सदस्यहरूको उपस्थितिमा बसेको गाउँकार्यपालिकाको बैठकद्वारा पेश भएका विषयमा छलफल गरी देहायबमोजिम निर्णय गरियो।

बैठक नं:- १

समय: बिहान ८.०० बजे

## उपस्थिति

| | |
|---|---|
| श्री नगेन्द्र बहादुर विष्ट | -अध्यक्ष |
| श्री कमल कुमार शाह | -उपाध्यक्ष |
| श्री जगत बहादुर विष्ट | -वडा अध्यक्ष (वडा नं. १) |
| श्री प्रेम बहादुर विष्ट | -वडा अध्यक्ष (वडा नं. २) |
| श्री कटक बहादुर बुढा | -वडा अध्यक्ष (वडा नं. ३) |
| श्री नन्द राम सहकारी | -वडा अध्यक्ष (वडा नं. ४) |
| श्री मान बहादुर सहकारी | -वडा अध्यक्ष (वडा नं. ५) |
| श्री पौराम कामी | -वडा अध्यक्ष (वडा नं. ६) |
| श्री खाम्म बहादुर वटाला | -वडा अध्यक्ष (वडा नं. ७) |
| श्री लाल बहादुर विष्ट | -वडा अध्यक्ष (वडा नं. ८) |
| श्री प्रदीप बोहरा | -वडा अध्यक्ष (वडा नं. ९) |
| श्री अम्सरा बुढा | -महिला सदस्य |
| श्री थुमा सहकारी (बुढा) | -महिला सदस्य |
| श्री बन्दना देवी शाही | -महिला सदस्य |
| श्री सुन्केशा सहकारी | -महिला सदस्य |
| श्री करन नेपाली | -दलित सदस्य |
| श्री जगत बहादुर दर्जी | -दलित सदस्य |
| श्री धर्मराज बुढा | -सदस्य सचिव |

Scanned with CamScanner

### आमन्त्रित

श्री निरक कुमार शाह -इन्जिनियर

श्री टेक बहादुर महतारा -जिन्सी शाखा प्रमुख

### निर्णयहरू

१. नरहरिनाथ गाउँपालिकाको गाउँसभा तथा गाउँकार्यपालिकाको सदस्यको निर्वाचन स्वच्छ, निष्पक्ष, मर्यादित र शान्तिपूर्ण रुपमा सम्पन्न गर्न योगदान पुऱ्याउने सम्पूर्ण मतदाता, कर्मचारी, राजनीतिक दलका प्रतिनिधीहरू, पत्रकार, पर्यवेक्षक, सुरक्षाकर्मी तथा सम्पूर्ण सरोकारवाला व्यक्ति तथा निकायहरूलाई धन्यवाद ज्ञापन गर्ने।

२. नेपालको संविधान जारी भए पश्चात स्थानीय तह सदस्य निर्वाचन, २०७४ बमोजिम निर्वाचित भई पाँच वर्षसम्म नरहरिनाथ गाउँपालिकाको जनप्रतिनिधीको रुपमा सेवा पुऱ्याउने अध्यक्ष, उपाध्यक्ष, सम्पूर्ण वडा अध्यक्षहरू, महिला सदस्यहरू, दलित महिला सदस्यहरू तथा दलित सदस्यहरू प्रति उहाँहरूको योगदानको कदर गर्दै धन्यवाद व्यक्त गर्ने।

३. नरहरिनाथ गाउँपालिकाको हालको समग्र आर्थिक-सामाजिक स्थिति तथा गाउँपालिकाको वास्तविक वस्तुस्थितिको बारेमा आम नागरिकलाई जानकारी गराउन श्वेत पत्र जारी गर्नेगरी मिति २०७९।२।९ मा निर्णय भएको हुँदा १५ दिनको समय दिई श्वेत पत्र तयारीको लागि देहायको सदस्य रहने गरी समिति गठन गर्ने।

#### देहाय

कविराज न्यौपान (अधिकृत छैटौं) - संयोजक

कटक बहादुर बुढा (३ नं. वडा अध्यक्ष) - सदस्य

प्रदीप बोहरा (९ नं. वडा अध्यक्ष) - सदस्य

रीतबहादुर रावत(सहायक पाँचौ) - सदस्य

सत्तल बटाला(सहायक चौथो) - सदस्य

४. स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम कर्मचारी समायोजन पश्चात गर्नुपर्ने संगठन तथा व्यवस्थापन सर्भेक्षण हालसम्म पनि नभएको हुँदा गाउँपालिका तथा वडा संगठनहरूको



Scanned with CamScanner

संगठन तथा व्यवस्थापन सर्भेक्षण गर्न स्वीकृति दिने। साथै उक्त परामर्श सेवा प्राप्तिको लागि आवश्यक बजेट खर्च शीर्षक नं २८९११ भैपरी आउने चालु बाट खर्च गर्न सहमती दिने।

५. गाउँपालिकामा तत्काल एम्बुलेन्स उपलब्ध गराउनको लागि नेपाल रेडक्रस सोसाइटीसँग आवश्यक समन्वय तथा साझेदारी गर्ने।

६. गाउँपालिकाका कर्मचारी, जनप्रतिनिधी तथा अन्य सरोकारवालाको नाउँमा रहेको असुल उपर गर्नुपर्ने वेरुजु असुल गर्न तथा वेरुजुवाला व्यक्तीको नाउँमा गाउँपालिका बाट कुनै रकम भुक्तानी हुने भएमा निजले पाउने रकमबाट वेरुजु रकम कट्टा गरेर मात्र भुक्तानी दिन निर्देशन दिने।

७. आ.व.२०७९।८० को बजेट तर्जुका कार्यहरू स्थानीय तह सदस्य निर्वाचन २०७९ को कारण कार्यतालिकाबमोजिम प्रकृया अगाडी वढ्न नसकेको हुँदा वजेट निर्माण सम्वन्धमा गर्नुपर्ने आवश्यक कार्यहरू तत्काल अगाडी बढाउने।

८. संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको मिति २०७९।२।९ को पत्रानुसार स्थानीय तहले कुनै व्यक्ति/संस्थालाई अनुदान वितरण गर्दा निश्चित कार्यविधि एवम् मापदण्ड तयार गरी तोकिएको प्रकृया पुऱ्याएर मात्र अनुदान वितरण गर्ने व्यवस्था मिलाउन अख्तियार दुरुपयोग अनुसन्धान आयोगको सुझाव अनुसार लेखी आएको हुँदा अनुदान वितरण सम्वन्धी कार्यविधि/मापदण्ड बनाइ पेश गर्न प्रमुख प्रशासकीय अधिकृतलाई जिम्मेवारी तोक्ने।

९. गाउँपालिकाको आफ्नै लोगो डिजाइनको लागि आवश्यक प्रकृया अगाडी बढाउने।

१०. गाउँ सभा तथा गाउँकार्यपालिका सदस्यहरूको ड्रेस कोड तोक्ने।

११. गाउँपालिकाका सम्पूर्ण वडा कार्याहरूको जिन्सी व्यवस्थापन तथा कार्यालय व्यवस्थापनको अनुगमन गरी प्रतिवेदन पेश गर्न देहाय बमोजिमका कार्यपालिका सदस्यहरूलाई जिम्मेवारी तोक्ने। तथा सदस्यसँग खटिने आवश्यक कर्मचारी व्यवस्थापन प्रमुख प्रशासकीय अधिकृतले गर्ने।

<u>देहाय</u>

(क) थुमा सहरकारी (बुढा) - वडा नं ४ र ५
(ख) अम्सरा बुढा - वडा नं १ देखि ३ सम्म
(ग) बन्दना देवी शाही - वडा नं ६ र ७
(घ) करन नेपाली - वडा नं १ देखि ५ सम्म
(ङ) जगत बहादुर दर्जी - वडा नं ६ देखि ९ सम्म



Scanned with CamScanner

(च) सुन्केशा सहकारी - वडा नं ४ र ५

१२. आगामी आर्थिक वर्षको बजेटको यस गाउँपालिकाका अन्तर्गतका देहायबमोजिमको आयोजनाको लागि कर्णाली प्रदेश सरकारसँग बजेट माग गर्ने।

(क) धाँचुखोला जलविद्युत आयोजनाका लागि रू ५ करोड

(ख) जात्ताडा जलविद्यत आयोजनाको लागि रू ३ करोड

(ग) कृषि एकीकृत प्रवर्द्धन आयोजनाका लागि रू २ करोड

(घ) सैन्य खोला देखि रुप्सा हुँदै रामारोशन सडक खण्डको लागि रू ४ करोड

(ङ) सितला, थाडिमाडु हुँदै रामारोशन सडक खण्डको लागि रू २ करोड ५० लाख

(च) रहगाड रंगशाला निर्माण १ करोड ५० लाख

(छ) विद्यालय सुधार परियोजना लागि रू २ करोड

(ज) सितला बस्ती पहिरो नियन्त्रण लागि रू २ करोड

(झ) तत्कोट, सर्गा हुँदै चुनासम्म सडक निर्माणका लागि रू २ करोड ५० लाख

(ञ) रमादेवी मा.वि. को फिल्ड निर्माणका लागि रू ८० लाख

(ट) खुलालु बसन्तपुर बडथला हुँदै काडाकोट वर्जुसम्म पर्यटन मार्गका लागि २ करोड ५० लाख

(ठ) रानीखेत हुँदै कालाभिर सडक निर्माणका लागि रू १ करोड

(ड) शान्ती मा.वि. रातिमाटाको फिल्ड निर्माणका लागि रू ८० लाख

(ढ) विशुदेव देखि तल्सेरा अयरपातल सिचाई कुलो निर्माण १ करोड ५० लाख

(ण) काले खोला पहिरो नियन्त्रण तथा हरियाली प्रवर्द्धनका लागि रू १ करोड

(त) काले खोला खाति रुप्सा पहिरो नियन्त्रण तथा हरियाली प्रवर्द्धनका लागि रू १ करोड

(थ) ओगडेनी देखि थाडुमाडुसम्म सिचाइ कुलो निर्माण रू १ करोड ५० लाख

(द) गौजेनी पहिरो नियन्त्रण तथा हरियाली प्रवर्द्धनका लागि रू १ करोड

(ध) बाहुनलेख देखि बडिमालिका पर्यटकीय सडक निर्माण का लागि रू २ करोड



Scanned with CamScanner

(न) बर्जुखोला देखी पाल्त काठपाते ,काफलपाटा हुदै बसन्तपुर सम्म खानेपानी निर्माण योजनाको लागि रु. २ करोड

(प) नरहरिनाथ गाउँपालिका ८ नं वडा कार्यालयको भवन निर्माणको लागि रु. १ करोड

(फ) घट्टेखोला देखि सुर्पेतेपडा सिँचाई कुलो निर्माण योजनाको लागि रु. १ करोड

(ब) भाटगाउँ देखि गानेचौर सिचाई कुलो निर्माणको लागि रु. १ करोड

(भ) पर्यटकिय धार्मिक स्थल बडिमालिका जाने बाटो रुप्सा ५ देखि बडिमालिका पदयात्रा मार्ग निर्माणको लागि रु.१ करोड

१३ . यस गाउँपालिकामा हाल सम्म संचालनमा रहेका **NGO /INGO** हरुको विभिन्न कार्यक्षेत्रमा साझेदारी गर्दै जाने र संचालित कार्यक्रमहरुलाई प्रभावकारी बनाउन गैर सरकारी सस्था समन्वय शाखाको स्थापना गर्ने निर्णय गरियो ।

नरहरिनाथ गाउँपालिका
कार्यालय
उपरोक्त बमोजिम भएको निर्णय प्रमाणित गरिएको छ।

२०७३/२/१३
धर्मराज बुढा
प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner